कृषि बीमालेख नं. ०२
जारी मितिः२०७८।११।०५

**..............................इन्स्योरेन्स कम्पनी लिमिटेड**

# ड्रागन फल खेती बीमालेख

(लागत र उत्पादनमा आधारित)

यस बीमालेखमा उल्लेख भएको ड्रागन फल खेतीमा हुने क्षति विरूद्ध बीमा गर्नको लागि बीमितले बीमाशुल्क भुक्तानी गरेको हुनाले द्विपक्षीय बीमा करारको रूपमा ..........बीमा कम्पनी (बीमक) ले यो बीमालेख जारी गरेको छ।

परिच्छेद -१

## प्रारम्भिक

१. **बीमालेखको नाम र प्रारम्भः** (१) यस बीमालेखको नाम **"ड्रागन फल खेती बीमालेख"** रहेको छ।

(२) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरेपश्चात प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,-

(क) "**अप्रत्यक्ष क्षति**" भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष वा एउटा घटनाको परिणामस्वरूप हुने अन्य क्षति सम्झनु पर्छ।

(ख) "**अभिलेख**" भन्नाले यस बीमालेखमा उल्लेख भएको ड्रागन फल खेतीको लागि आवश्यक पर्ने रोपणको लागि प्रयोग गरिने बिरुवाको स्रोत, बिरूवाको जात, बिरूवा प्राप्त गरेको माउ बोटको उमेर र उत्पादन अवस्था, चिस्यान, मलजल, अन्तरबालीहरु एवम् नियमित रूपमा बगैंचा व्यवस्थापन आदिका लागि तयार गरिएको अभिलेख सम्झनु पर्छ।

(ग) "**उचित स्याहार**" भन्नाले यस बीमालेखको ड्रागन फल खेतीको प्राविधिक व्यवस्थामा उल्लेख भएका प्रावधानहरूको परिपालन गरिएको सम्झनु पर्छ।

(घ) "**प्राविधिक जाँच सिफारिस**" भन्नाले बीमा गर्न प्रस्तावित ड्रागन फल खेती बीमायोग्य छ वा छैन भनी कृषि प्राविधिकद्वारा अध्ययन, अवलोकन गरी सिफारिस गर्ने कार्य सम्झनु पर्छ।

(ङ) "**ड्रागन फल खेती**" भन्नाले यस बीमालेखमा उल्लेख भए बमोजिम गरिने ड्रागन फलको खेती सम्झनु पर्छ।

(च) **"दावी"** भन्नाले बीमा गरिएको वस्तुको क्षतिबापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(छ) **"दुर्घटना"** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र सांघातिक, आकस्मिक र अप्रत्याशित घटना सम्झनु पर्छ।

(ज) "**प्राविधिक**" भन्नाले एस.एल.सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त गरेको वा सम्बन्धित बिषयमा सो भन्दा माथिल्लो शैक्षिक योग्यता प्राप्त व्यक्ति सम्झनु पर्छ।

(झ) **"बीमक"** भन्नाले बीमालेख जारी गर्ने बीमा कम्पनी सम्झनु पर्छ।

(ञ) **"बीमा अवधि"** भन्नाले बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने अवधि सम्झनु पर्छ।

(ट) **"बीमाङ्क रकम"** भन्नाले बीमालेख बमोजिम ड्रागन फल खेतीको रक्षावरण गरिएको रकम सम्झनु पर्छ।

(ठ) **"बीमालेख"** भन्नाले बीमकले जारी गर्ने ड्रागन फल खेती बीमालेख सम्झनु पर्छ र सो शब्दले रसिद, प्रस्ताव फाराम, अनुसूची, तालिका लगायत बीमालेखसँग संलग्न कागजातहरू सम्झनु पर्छ।

(ड) **"बीमाशुल्क"** भन्नाले बीमालेखमा उल्लेख गरिएको ड्रागन फल खेतीको बीमा गरे बापत बीमितले बीमकलाई बुझाउनु पर्ने रकम सम्झनु पर्छ।

(ढ) **"बीमित"** भन्नाले बीमा गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ण) **"बीमा गरिएको वस्तु"** भन्नाले बीमालेखको तालिकामा उल्लेख भए अनुसारको ड्रागन फलको बोट वा फल वा दुवैलाई सम्झनु पर्छ।

(त) **"मूलभूत विवरण"** भन्नाले बीमा गरिएको वस्तुको जोखिमलाई फरक पार्न सक्ने महत्वपूर्ण विवरण सम्झनु पर्छ।

(थ) **"रक्षावरण"** भन्नाले बीमालेखमा उल्लेख भएको ड्रागन फल खेतीमा भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि मञ्जुर गरेको अवस्था सम्झनु पर्छ।

(द) **"लापरवाही"** भन्नाले बीमितले बीमा गरिएको वस्तुको उचित स्याहार, हेरचाह र उपचार नगराएको वा जानाजान हानी गर्न खोजिएको अवस्था सम्झनु पर्छ।

(ध) **"क्षति मूल्याङ्कनकर्ता "**भन्नाले यस बीमालेखमा हुने क्षतिको मूल्याङ्कन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(न) **"क्षति मूल्याङ्कन प्रतिवेदन"** भन्नाले बीमक वा क्षति मूल्याङ्कनकर्ताले ड्रागन फलको बोट वा फल वा बोट र फल दुवै नाश भई आर्थिक क्षति भएको भनी यकिन गरी दिएको प्रतिवेदनलाई सम्झनु पर्छ।

(ऩ) **"क्षति"** भन्नाले कुनै घटना घटी वा विपत्ति परी वा जंगली जनावरको आक्रमणबाट वा रोग वा किरा लागी बीमा गरिएको वस्तुको हानी वा नोक्सानी भई, बिग्रिई, नष्ट वा नाश भई हुने आर्थिक क्षति सम्झनु पर्छ।

(प) **"क्षतिपूर्ति"** भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दावी बापतको रकम सम्झनु पर्छ।

## परिच्छेद-२
## **रक्षावरण**

**३. रक्षावरणः** (१) देहायका कारणबाट बीमा गरिएको ड्रागन फल खेतीमा बीमा अवधिभित्र उल्लेखित क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्नेछः-

**(क) अग्निजन्य क्षतिः**

(१) आगलागी वा अग्नीको कारणले भएको क्षति

**(ख) हावाजन्य क्षतिः**

(१) हुरीबतासको कारणले भएको क्षति

(२) आँधिबेहरी वा तुफानको कारणले भएको क्षति

**(ग) पानीजन्य क्षतिः**

(१) अतिवृष्टि वा बेमौसमी वर्षाको कारणले भएको क्षति

(२) असिना वा हिउँको कारणले भएको क्षति

(३) बाढी वा डुवानको कारणले भएको क्षति

**(घ) मौसमजन्य क्षतिः**

(१) खडेरीको कारणले भएको क्षति

(२) तुसारो वा शितलहरको कारणले भएको क्षति

**(ङ) भूमिजन्य क्षतिः**

(१) भूकम्पको कारणले भएको क्षति

(२) पहिरो वा भू-स्खलनको कारणले भएको क्षति

**(च) चट्याङ्जन्य क्षतिः**

(१) चट्याङको कारणले भएको क्षति

**(छ) आकस्मिक वा दुर्घटनाजन्य बाह्य कारणबाट हुने क्षतिः**

(१) जंगली जनावरको आक्रमण (खाएर वा कुल्चिएर वा माडेर वा खोस्रेर वा उधिनेर वा झारेर) बाट भएको क्षति

**(ज) रोग वा किराजन्य क्षतिः**

(१) रोगको कारणले भएको क्षति

(२) किराको कारणले भएको क्षति

४. **अतिरिक्त सुविधाः** यस बीमालेखमा उल्लेख गरिएको बीमा अवधि भित्र देहायको अवस्था सिर्जना भएमा दुर्घटना बीमा बापत बीमाङ्क रकम रु. २,००,०००।- (अक्षेरपी दुई लाख रूपैयाँ) बीमकले बीमितलाई भुक्तानी गर्नेछः-

(क)आत्महत्या बाहेक अन्य कुनै पनि कारणले मृत्यु भएमा,

(ख)स्पाइनल इन्जुरीको कारण पुनः ठीक नहुने गरी रिढको हड्डी काम नलाग्ने भएमा,

(ग) एउटा हातको नाडी देखि माथि पूरै हात काम नलाग्ने भएमा,

(घ) कुनै एउटा खुट्टाको गोलीगाँठो देखि माथि पूरै खुट्टा काम नलाग्ने भएमा,

(ङ) दुवै आँखाको दृष्टि गुमेमा।

परिच्छेद-३

## अपवाद

५. **अपवादः** यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कारणबाट हुने क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः-

**(क)** **अप्रत्यक्ष क्षतिः** खेतीबाट भएको क्षतिको कारणबाट हुने अन्य अप्रत्यक्ष क्षति भएमा,

**(ख)** **अधिकार प्राप्त निकायबाट पुर्याइएको क्षतिः** अधिकार प्राप्त निकायको आदेशमा खेती नष्ट गरिएमा,

**(ग)** **विकिरणयुक्त पदार्थः** विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोर वा अवशेषको संसर्ग (कन्टामिनेशन) बाट क्षति भएमा,

**(घ)** **आणविक, रसायनिक तथा जैविक हतियारः** आणविक, रासायनिक तथा जैविक आम विनाशकारी हतियारको प्रयोगबाट क्षति भएमा,

**(ङ)** **युद्ध वा युद्ध सरहको अवस्थाः** सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी सैन्य कारवाही वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा राजद्रोह वा सो सरहको अवस्थाको कारणले क्षति भएमा,

**(च)** **अन्य क्षतिः** देहायको कारणले भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः-

(१) बीमा गरिएको वस्तु हराएमा वा चोरी भएमा ।

(२) बीमितले वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले जानाजान वा मनोरञ्जनको उद्देश्य वा परीक्षण वा लापरवाहीको कारणले ड्रागन फल खेतीमा क्षति पुर्याएमा।

(३) बीमितले वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले रिसईवीपूर्ण व्यवहारको कारणबाट ड्रागन फल खेतीमा क्षति भएमा।

परिच्छेद-४

## बीमा सम्बन्धी शर्त

६. **प्रस्ताव तथा स्वीकृतिः** (१) बीमालेख जारी गर्नु पूर्व बीमितले **अनुसूची-१** बमोजिमको प्रस्ताव फाराम पूर्णरूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ।

(२) प्रस्ताव फाराममा उल्लेख भएको विवरणमा फरक पारी बीमालेख जारी गर्न पाइने छैन।

(३) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिन सक्नेछ।

७. **प्राविधिक जाँच सिफारिसः** बीमकले पूर्णरूपमा भरेको प्रस्ताव फाराम प्राप्त गर्दा **अनुसूची-२** बमोजिम सम्बन्धित प्राविधिकले बीमा गर्न प्रस्तावित ड्रागन फल खेती प्राविधिक रूपमा खेती योग्य वा बीमा योग्य छ वा छैन भनी प्राविधिक जाँच सिफारिसपत्र प्राप्त गरेको हुनु पर्नेछ।

८. **बीमालेखमा प्रयोग भएका शब्दावलीको अर्थः** (१) बीमालेख सहित बीमा प्रस्ताव फाराम, अनुसूची, तालिका, बीमाशुल्क भुक्तानी रसिदलाई एकमुष्ठ ड्रागन फल खेती बीमा करार वा बीमालेखको रूपमा बुझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न बुझ्न वा टुक्र्याएर बीमालेखको अर्थ लगाउन पाइने छैन।

(२) यस बीमालेखमा प्रयोग भएका विशेष प्राविधिक शब्दावलीको अर्थ परिभाषा खण्डमा उल्लेख भए बमोजिम हुनेछ।

९. **बीमालेख रद्द हुने अवस्थाः** देहायको अवस्थामा बीमकले बीमालेख रद्द गर्न सक्नेछः-

(क) बीमितले बीमालेखको शर्त उल्लंघन गरेको,

(ख) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेको,

(ग) बीमा गरेको वस्तुलाई उचित स्याहार सम्भार नगरी गम्भीर लापरवाही गरेको,

(घ) बीमा गरेको वस्तु त्याग गरेको,

(ङ) गैरकानूनी तवरले बीमा गराएको,

(च) बीमायोग्य हित कायम नभएको,

(छ) बीमकले बीमाशुल्क बापतको रकम आफ्नो खातामा प्राप्त नगरी बीमालेख जारी गरेको।

१०. **योगदानः** (१) यस बीमालेखबाट बीमा गरिएको ड्रागन फल खेतीको पूरा वा केही अंश अर्को कुनै पनि बीमालेखद्वारा बीमा गर्न पाइने छैन।

(२) कुनै कारणवश बीमा गरिएको ड्रागन फल खेतीको बीमा अन्य बीमकमा समेत भएको रहेछ र त्यस्तो ड्रागन फल खेतीको आंशिक वा पूरा अंश दावी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नेछ।

११. **प्रत्यासनः**- (१) बीमा गरिएको ड्रागन फल खेतीको क्षति बापत बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमकलाई सुम्पनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्नका लागि बीमितले बीमकलाई अनुमति दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा पनि उपयुक्त र आवश्यक कारवाही गर्न सक्नेछ।

१२. **स्वामित्व परिवर्तनः** (१) बीमितले आफूले गरेको ड्रागन फल खेतीको स्वामित्व परिवर्तन वा हस्तान्तरण गरेको खण्डमा बीमकलाई तीस दिन भित्र जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपश्चात बीमकले तत्काल बीमालेखको निःशुल्क नामसारी गरिदिनु पर्नेछ।

१३. **बीमालेखको पुनर्स्थापनाः** ड्रागन फल खेती बीमालेख अन्तर्गत दावी परे पश्चात बाँकी बीमाङ्क रकमको पुनर्स्थापना गर्न पाइने छैन।

१४. **बीमालेखको अवधिः** (१) ड्रागन फल खेती बीमालेख जारी गर्दा घण्टा र मिनेट समेत खुल्ने गरी मिति उल्लेख गर्नुपर्नेछ।

(२) बीमालेख जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी बीमालेख जारी गर्न पाइने छैन।

(३) बीमालेखको अवधि समाप्त हुने मितिको मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ।

(४) बीमालेखको अवधि एक वर्षको हुनेछ

(५) ड्रागन फल खेतीको व्यवसायिक उत्पादनशील उमेर बिरूवा रोपे देखि १५ वर्ष सम्म हुने हुनाले ड्रागन फल खेतीको बीमा बिरूवा रोपे देखि पन्ध्र वर्षसम्म गर्न सकिनेछ।

(६) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिन सक्नेछ।

१५. **बीमकको कर्तव्य:** (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू बीमकले पालना गर्नुपर्नेछ।

*(२)* बीमकले आफुले गर्ने ड्रागन फल खेतीको बीमाङ्क ड्रागन फल खेती गणना तालिका अनुसार गर्नुपर्नेछ।

*(३)* बीमालेख जारी गर्नु पूर्व बीमा गरिएको वस्तु समेटिएको विभिन्न कोणबाट खिचिएको कम्तीमा पाँचवटा स्थिर फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनु पर्नेछ।

*(४)* बीमितद्वारा पूर्ण रूपमा भरिएको प्रस्ताव फाराम प्राप्त भएपछि मात्र बीमा गर्नुपर्नेछ।

*(५)* बीमाङ्क गणना गर्दा कम वा बढी बीमाङ्क रकम कायम गरी बीमालेख जारी गर्नु हुँदैन।

*(६)* ड्रागन फल खेती बीमालेख लिने बीमितको हकहित विरूद्ध कुनै काम गरी क्षति पुर्याउनु हुँदैन।

*(७)* बीमालेख जारी गर्दा वा बीमा दावी फछर्यौट गर्दा आवश्यक पर्ने सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो आदि सुरक्षित रूपमा अभिलेख गरी राख्नु पर्नेछ।

*(८)* बीमालेखमा उल्लेख गरिएको बीमादरको आधारमा बीमाशुल्क गणना गर्नुपर्नेछ।

१६.**बीमितको दायित्व:** (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरूको बीमितले पूर्ण रूपले पालना गर्नु पर्नेछ।

(२) बीमा गरिएको वस्तु वा बिषयवस्तुको उचित स्याहार, रेखदेख, तारबार, निगरानी, मर्मत सम्भार गर्नुका साथै क्षति हुनबाट बचाउन उपयुक्त सावधानीका उपायहरू अपनाउनु पर्नेछ।

(३) दावी, छानबिन, अनुसन्धान वा क्षति मूल्याङ्कनको क्रममा प्रहरी, बीमक तथा अन्य अधिकार प्राप्त निकायलाई पूर्णरूपमा सहयोग गर्नुपर्नेछ।

(४) दावी यकिन गर्नका लागि बीमितले आवश्यक प्रमाण जुटाउन बीमकलाई सहयोग गर्नुपर्नेछ।

१७.**आंशिक बीमा गर्न नपाइने:** एकै क्षेत्रफलमा लगाइएको ड्रागन फल खेतीको आंशिक रूपमा बीमा गर्न पाइने छैन।

परिच्छेद ५

## बीमाङ्क तथा बीमाशुल्क

**१८.बीमाङ्क तथा बीमाशुल्क निर्धारण तालिका:** (१) यस बीमालेख बमोजिम गरिने ड्रागन फल खेतीको बीमाङ्क निर्धारण गरी बीमाशुल्क गणना गर्दा **अनुसूची-३** मा भएको तालिकालाई आधार मान्नु पर्नेछ।

(२) यस बीमालेख अन्तर्गत ड्रागन फल खेतीको लागत र उत्पादनको आधारमा बीमा गर्न सकिनेछ।

(३) यस बीमालेख बमोजिम गरिने ड्रागन फल खेतीको बीमाशुल्क गणना गर्दा लागतको आधारमा **तालिका क** बमोजिम र उत्पादनको आधारमा **तालिका ख** बमोजिम निम्न सुत्रको आधारमा गरिनेछ।

**क. लागतको आधारमा ड्रागन फल खेतीको बीमाशुल्क गणना तालिका**

| **क्र.सं.** | **सुत्र** | **रकम** |
|---|---|---|
| क. | ड्रागन फल बोटको बीमाङ्क = ड्रागन फल बोटको संख्या × प्रति बोटको लागत मूल्य | रू. ...... |
| ख. | ड्रागन फलको बीमाशुल्क = क× बीमाङ्क रकमको ५% (पाँच प्रतिशत) | रू. ........ |
| ग. | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम | रू. ....... |
| घ. | जम्मा बीमाशुल्क = ख-ग | रू. ...... |
| ङ. | व्यक्तिगत दुर्घटना बीमाशुल्क = रू. ५०० (पाँच सय) | रू. ....... |
| च. | बीमितले तिर्नु पर्ने खुद रकम = घ+ङ | रू. ....... |

**ख. उत्पादनको आधारमा ड्रागन फल खेतीको बीमाशुल्क गणना तालिका**

| **क्र.सं.** | **सुत्र** | **रकम** |
|---|---|---|
| क. | ड्रागन फल उत्पादन (फल) को बीमाङ्क = ड्रागन फल बोटको संख्या ×प्रति बोटले उत्पादन गर्ने फल × फलको मूल्य प्रति के.जी. | रू. ...... |
| ख. | ड्रागन फलको बीमाशुल्क = क × बीमाङ्क रकमको ५ % (पाँच प्रतिशत) | रू. ........ |
| ग. | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम | रू. ....... |
| घ. | जम्मा बीमाशुल्क = ख - ग | रू. ...... |
| ङ. | व्यक्तिगत दुर्घटना बीमाशुल्क = रू. ५०० (पाँच सय) | रू. ....... |
| च. | बीमितले तिर्नु पर्ने खुद रकम = घ+ङ | रू........ |

द्रष्टव्य: (१) ड्रागन फल रोपण गरेको ३ (तीन) वर्षसम्म लागतको आधारमा बीमा गरिनेछ र रोपण गरेको ३ (तीन) वर्ष पुरा भए पछिको ड्रागन फलको हकमा उत्पादनको आधारमा बीमा गरिनेछ।

(२) यदि बीमितले ३ (तीन) वर्ष पूरा भइसकेको ड्रागन फलको बोटको समेत जोखिम रक्षावरण गर्न चाहेमा तेश्रो वर्षको संचित लागतको आधारमा थप बीमाङ्क रकम कायम गरी बीमा गर्न सकिनेछ।

१९.**बीमाङ्क कायम गर्ने:** बीमाङ्क रकम कायम गर्दा राष्ट्रिय फलफूल विकास केन्द्र र सो अन्तर्गतका कार्यालयको सिफारिस र उक्त कार्यालय नभएका जिल्लाको हकमा संघ, प्रदेश तथा स्थानीय सरकारको सम्बन्धित निकायको कृषि प्राविधिकबाट सिफारिस गराई बीमक समक्ष पेश गर्नुपर्नेछ।

२०.**बीमाङ्क परिवर्तन:** (१) बीमालेख जारी भईसके पश्चात बीमाङ्क रकम परिवर्तन गर्न पाइने छैन।

(२) बीमा अवधिभित्र बीमा गर्नुपर्ने ड्रागन फल खेती थप गर्नु परेमा त्यसरी थप गरिने ड्रागन फल खेतीको लागि छुट्टै बीमालेख जारी गर्नुपर्नेछ।

२१.**बीमाशुल्क गणना**: (१) यस बीमालेख अनुसार जारी हुने ड्रागन फल खेतीको बीमाशुल्क बीमाङ्क रकमको ५% (पाँच प्रतिशत) का दरले लाग्नेछ।

(२) यस बीमालेख बमोजिम बीमाशुल्क गणना गर्दा **अनुसूची-४** बमोजिमको ड्रागन फल खेतीको बिस्तृत विवरण तथा बीमाशुल्क गणना तालिकामा प्रष्ट ढंगले उल्लेख गर्नुपर्नेछ।

(३) यस बीमालेखमा उल्लेख भएको दुर्घटना बीमा बापत बीमाशुल्क प्रति बीमित पाँचसय रूपैयाँ लाग्नेछ।

(४) एक वर्षभन्दा कम अवधिको बीमालेखको लागि समेत उपदफा (३) मा उल्लेख गरिएको दुर्घटना बीमा बापतको बीमाशुल्क लाग्नेछ।

(५) ड्रागन फल खेतीको लागि प्रयोग हुने भौतिक संरचना वा सम्पत्तिको लागि बीमा समितिबाट जारी सम्पत्ति बीमा निर्देशिका, २०७५ बमोजिम छुट्टै बीमा गर्नुपर्नेछ र यसमा अनुदानको व्यवस्था गरिएको छैन।

२२.**सामूहिक बीमा:-** सामूहिक रूपमा गरिएको ड्रागन फल खेती बीमाको हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टाछुट्टै दुर्घटना बीमा गरेको हुनु पर्नेछ।

२३.**बीमाशुल्क भुक्तानी**: (१) बीमितले बीमाशुल्क बापत भुक्तानी गरेको रकम बीमकको बैंक खातामा प्राप्त नभएसम्म बीमकले बीमालेख जारी गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदानमा प्राप्त हुने बीमालेखको हकमा अनुदानबाट प्राप्त हुने रकम कट्टा गरी बाँकी रकम बीमकको बैंक खातामा जम्मा भएको हुनु पर्नेछ।

परिच्छेद-६

## बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था

**२४.पालना गर्नुपर्ने व्यवस्थाः** (१) बीमितले ड्रागन फल खेतीका लागि देहायका व्यवस्था पालना गरेको हुनुपर्नेछ।

*(क)* नयाँ ड्रागन फल खेतीको हकमा ड्रागन फलको बेर्ना रोपी सकेपछि मात्र बीमा गर्नुपर्नेछ र देहाय बमोजिमको प्राविधिक पक्षहरू पूरा गरेको हुनु पर्नेछ।

१. रोपणको लागि प्रयोग हुने बिरुवा राम्रो गुणस्तरको परिपक्व तथा किरा नलागेको माउ बोटबाट लिइएको हुनुपर्नेछ, कटिङ्ग लिने बेला उक्त कटिङ्गमा प्रशस्त आँखाहरु भएको कम्तिमा १ फिट लामो हुनुपर्नेछ।

२. कम्तिमा एक महिना अघि तयार गरिएको सूर्यको प्रकाश अथवा सुकेका पातहरु जलाएर अथवा अन्य कुनै तरिका अपनाएर निर्मलिकरण गरिएको खाडलमा बिरुवा रोपेको हुनुपर्नेछ।

३. माथि उल्लेख भए बमोजिम तयार पारिएका खाडलहरुमा प्रति टेको वा पोल वा खम्बा वरिपरि २ देखि ४ वटा बिरुवा रोपेको हुनुपर्नेछ।

४. बिरुवा रोपण, वर्षा सुरु हुनु भन्दा ठिक अघि (जेष्ठ-आषाढ) अथवा सिंचाइको सुविधा भएको स्थानमा फाल्गुण-चैतमा समेत गर्न सकिनेछ

*(ख)* ड्रागन फलखेती १५०० (एक हजार पाँच सय) मिटरसम्मको उचाईमा गरेको हुनुपर्नेछ।

*(ग)* ड्रागन फलको लागि टेको वा खम्बाको जरुरी हुने हुनाले बिरुवा रोप्नु अघि काठ अथवा सिमेन्टको खम्बाको ब्यबस्था गरिएको हुनुपर्नेछ।

*(घ)* काठको खम्बा वा टेको वा पोलको हकमा हरेक तीन वर्षमा फेर्नु पर्नेछ।

*(ङ)* राम्रोसंग काँटछाँट गरि लगिएका २ देखि ३ वटा हागाँहरुलाई खम्बाको माथिल्लो भागमा टायर वा फलामको रिङ् लगायतका सामग्री प्रयोग गरी चारैतिर फैलाइएको हुनुपर्नेछ।

*(च)* ड्रागन फल जमेको पानी प्रति अत्यन्त संबेदनशील हुने भएकाले खेती अवधि भर निकासको राम्रो प्रबन्ध भएको हुनुपर्नेछ।

*(छ)* रोपणको लागि प्रयोग हुने बिरूवा लिईएको माउ बोटको स्रोत, उमेर तथा उत्पादन अवस्था लगायत ड्रागन फलको खेती गर्दा अपनाएका महत्त्वपूर्ण गतिविधिहरु जस्तैः रोप्ने, मलजल गर्ने, काँटछाँट, बिषादीको प्रयोग आदिको **अनुसूची ५** बमोजिम अभिलेख राखिएको हुनुपर्नेछ।

*(ज)* ड्रागन फलले फल दिन सुरु गर्नु अघि अन्तरबालीहरु लगाउन सकिन्छ र अन्तरबालीहरु छनौट गर्दा मुख्य बालीसँग प्रतिस्पर्धा नगर्ने तथा रोग र किराहरुलाई प्रसय नदिने खालका बालीहरु छनौट गर्नुपर्नेछ।

*(झ)* बीमा गरिएको ड्रागन फल खेतीमा कुनै रोग वा किरा लागेमा तत्काल आफ्नै खर्चमा उचित रेखदेख, स्याहार सम्भार तथा उपचार गराई सोको प्रमाण सुरक्षित रूपमा राख्नु पर्नेछ।

*(ञ)* बीमा गरिएको ड्रागन फल खेती बीमकको प्रतिनिधिलाई जुनसुकै समयमा निरीक्षण वा अवलोकन गर्न दिनु पर्नेछ।

## परिच्छेद -७
## दावी

२५. **क्षतिको सूचनाः** (१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट ड्रागन फल खेतीको क्षति भएमा क्षति भएको तीन (३) दिन भित्र बीमितले बीमकलाई टेलिफोन, एसएमएस वा लिखित पत्र वा ईमेल, फ्याक्स वा अन्य कुनै माध्यमबाट सोको जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको त्यस्तो जानकारी प्राप्त भएपश्चात क्षति मूल्याङ्कनकर्ताले निरीक्षण गर्न सक्ने हुँदा सो अवधिसम्म क्षति भएको स्थानलाई सुरक्षित गरी राख्नु पर्नेछ।

(३) बीमितले दावी भुक्तानी प्रक्रियाको लागि देहायका कागजात संलग्न गरी बीमक समक्ष पेश गर्नु पर्नेछः-

(क) पूर्ण रुपले भरिएको दावी फाराम,
(ख) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति,
(ग) कम्तीमा पाँचजना व्यक्तिको सर्जमिन मुचुल्का (मुचुल्कामा हस्ताक्षर गर्ने सबैको नाम थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलाई)।
(घ) स्थानीय तहको र कृषि प्राविधिकको सिफारिस ।
(ङ) बीमालेखमा उल्लेख भए बमोजिमको ड्रागन फल खेती सम्बन्धी अद्यावधिक अभिलेखको प्रति।

२६. **दावीः** (१) लागतको आधारमा गरिएको ड्रागन फल खेती बीमाको दावी लागतको आधारमा गरिनेछ।

(२) उत्पादनको आधारमा गरिएको ड्रागन फल खेती बीमाको दावी उत्पादनको आधारमा गरिनेछ।

२७. **दावी फछर्यौट सम्बन्धी व्यवस्थाः** (१) बीमकले आफू समक्ष परेको ड्रागन फल खेती बीमा दावीको तत्काल छानवीन प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भएपछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नु पर्नेछ।

(३) बीमकले उपदफा (१) बमोजिम ड्रागन फल खेतीको बीमा दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि (बीमकले आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक) बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिनभित्र क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ।

(४) कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको वस्तुको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप क्षति मूल्याङ्कन प्रतिवेदनसँगै संलग्न गरेको हुनुपर्नेछ।

(५) कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिन भित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी **अनुसूची-६** बमोजिम बीमक समक्ष पेश गर्नुपर्नेछ।

(७) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा यस निर्देशिकाको बर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएको खण्डमा बीमकले समितिको स्वीकृतिमा पुनः अर्को मूल्याङ्कनकर्तालाई क्षति मूल्याङ्कनका लागि खटाउन सक्नेछ।

(८) बीमक आफैंले क्षति मूल्याङ्कन गर्न सक्ने अवस्थामा समेत उपदफा (५) बमोजिमको अवधिभित्र क्षति मूल्याङ्कन गरी सक्नु पर्नेछ।

(९) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिन भित्र बीमकले दायित्व यकिन ठहर गरी बीमितलाई दावी भुक्तानी गर्नुपर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने कारण सहित सोको लिखित जानकारी दिनु पर्नेछ।

(१०) उपदफा (३) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र दावी भुक्तानी गर्नुपर्नेछ।

२८. **दावी भुक्तानी तालिका:** यस बीमालेखद्वारा गरिने ड्रागन फल खेतीमा दावी परेपश्चात दावी भुक्तानीका लागि **अनुसूची-७** बमोजिमको दावी भुक्तानी तालिकालाई आधार मानिनेछ।

## परिच्छेद -८
## विविध

२९.**अधिक:**यस बीमालेख अन्तर्गत कुल बीमाङ्कको ५% (पाँच प्रतिशत) वा रू १०,००० (दश हजार) मध्ये जुन कम हुन्छ सो रकम घटाएर बीमा दावी भुक्तानी गरिनेछ।

३०.**न्यूनतम क्षेत्रफल**: (१) प्रत्येक बीमितले सुरक्षण गर्न पाउने बालीको न्यूनतम क्षेत्रफल कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७ बमोजिम हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमा गरिने सम्पत्ति भएको जग्गाको कित्ता नं. र कित्ता नं. नभएको जग्गा वा ऐलानी जग्गा भएमा उक्त जग्गाको अवस्थिति यकिन हुने चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. लगायतका प्रमाण लिनु पर्नेछ।

३१.**बिबाद समाधान**: (१) देहायको अवस्था आइपरेमा बीमितले विस्तृत विवरण खुलाई बीमा समितिमा उजुरी दिन सक्नेछः

(क) बीमकले दावी वापतको निवेदन अस्वीकार गरेमा,

(ख) बीमकले दावी वापतको रकम दिन अस्वीकार गरेमा वा,

(ग) बीमकले बीमितलाई भुक्तानी गर्न लागेको दावी वापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा वा ,

(घ) बीमित वा बीमालेख धारक बाहेक अन्य पक्षलाई दावी वापतको रकम भुक्तानी गर्न आँटेमा वा भुक्तानी गरेमा, र

(ङ) बीमा दावी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा।

(२) बीमा दावी सम्बन्धमा बीमा समितिले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णय प्राप्त भएको मितिले ३५ (पैंतिस) दिन भित्र उच्च अदालतमा पुनरावेदनका लागि उजुरी दिन सक्नेछ।

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची -१**
**(दफा ६ सँग सम्बन्धित)**

## ड्रागन फल खेती बीमाको प्रस्ताव फाराम

(१) ड्रागन फल खेती बीमाको प्रस्तावक (व्यक्ति वा संस्था) को नामः...........................................
(२) पूरा ठेगानाः प्रदेश..................जिल्ला....................पालिका................. वडा नं................

टोलः ................... मोबाईल नं. .........................फोन नं. ...................ईमेल.......................................

(३) पेशाः.......................................................

(४) प्रस्तावित बीमाको किसिमः (चिनो लगाउनुहोस्)

क. प्रति बोट लागतमा आधारित ( )

ख. प्रति बोट उत्पादनमा आधारित ( )

(५) तल उल्लिखित विवरण तालिकामा भर्नुहोस्ः-

| क्र.सं. | ड्रागन फल खेतीको प्रकार | | ड्रागन फलको जात | बोटको उमेर | क्षेत्रफल | खम्वा वा टेको बीचको दूरी | प्रति टेको वा खम्बा वरिपरि रोपिएका बिरूवा संख्या | जम्मा बोट संख्या | बीमा गर्ने बेलाको प्रतिबोट उत्पादन (के.जी.) |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यक्तिगत | सामूहिक | | | | | | | |
| | | | | | | | | | |

(६) ड्रागन फल लगाईएको स्थानको पूर्ण विवरण तथा ठेगानाः

प्रदेश..................जिल्ला...................पालिका ...............वडा नं.................टोलः..................

कित्ता नं. ......................चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. (ऐलानी जगाको हकमा).......................जगाको क्षेत्रफलः.................................

जग्गाको किसिमः ☐ समथर ☐ भिरालो ☐ मिश्रित ☐ अन्य

(७) ड्रागन फलखेती व्यक्तिगत वा सामूहिक के हो खुलाउनुहोस ?

(८) सामूहिक भए निम्न विवरण भर्नुहोस्ः

समूहको नाम वा बीमालेख धारकको नामः .............................................. ड्रागन फल लगाइएको स्थान..............

ठेगानाः प्रदेश....................जिल्ला...................पालिका.................. कित्ता नं...........वडा नं. .........

चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. (ऐलानी जग्गाको हकमा) .............. टोलः...................

मोबाईल नं. ........................फोन नं.........................ईमेल........................................................

(९) ड्रागन फल रोपण गरेको मितिः ........................

(१०) ड्रागन फल लगाउनु पूर्व लगाएको बालीको विवरण ........................

(११) ड्रागन फलको बगैंचाको बीचमा अन्य अन्तर बाली लगाउनु भएको छ? यदि छ भने उक्त बालीको नाम उल्लेख गर्नुहोस्..............................

(१२) सिंचाईको उपलब्धता भए वा नभएको उल्लेख गर्नुहोस् ..........................

(१३) प्रति बोट ड्रागन फलमा मलखाद प्रयोगको स्थिति

(क) कम्पोष्ट मल (के.जी.) ...........................

(ख) युरीया (ग्राम) .....................

(ग) डी.ए.पी. (ग्राम) .......................

(घ) पोटास (ग्राम) ..........................

(ङ) अन्यः ..............................

(१४) ड्रागन फल खेतीका लागि प्राविधिक सरसल्लाह कहाँबाट प्राप्त गर्नु भएको छ? ...............................

(१५) ड्रागन फल खेती सम्बन्धी तालिम लिनुभएको छ? यदि छ भने तालिम दिने संस्थाको नाम, तालिमको अवधि र मिति उल्लेख गर्नुहोस्।

..............................................................................................................................................

(१६) कृषिजन्य सुविधाहरु प्राप्त गर्नु भएको छ ? यदि छ भने कहाँबाट के के प्राप्त गर्नुभएको छ ?

.....................................................................................................................................................

.....................................................................................................................................................

.....................................................................................................................................................

(१७) तपाइले यस अघि गर्नु भएको ड्रागन फल खेतीमा किरा वा रोग लागेको थियो ? ........................................................................
यदि थियो भने, सोबाट कति रकम बराबरको क्षति भएको थियो ? ...............................................................................................

(१८) यदि किरा वा रोगबाहेक अन्य कारणबाट क्षति भएको थियो भने निम्न विवरण भर्नुहोस्ः

| वर्ष | क्षतिको कारण | क्षतिको परिमाण |
|---|---|---|
| | | |

(१९) यस अघि कुनै बीमा कम्पनीमा ड्रागन फल खेतीको बीमा भएको भए सो बीमकको नाम र कति बीमाङ्क बराबरको बीमा भएको हो ? उल्लेख गर्नुहोस्।

| बीमकको नाम | बीमाङ्क रकम | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|

| | | |
|---|---|---|
| | | |

(२०) कुनै बैंक वा वित्त कम्पनी वा सहकारीले उक्त ड्रागन फल खेतीमा लगानी गरेको छ ? छ भने उक्त बैंक वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूहको निम्न विवरण उल्लेख गर्नुहोस्ः

नाम/ठेगानाः ..................................................................
प्रदेश..................जिल्ला...................पालिका..................................वडा नं.................टोलः....................
फोन/मोबाइल ..................................................
लिएको वा लिन सम्झौता गरेको ऋणको रकमः रु........................अक्षरेपी (.......................................................)

म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, ड्रागन फल खेतीबारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछौं । मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य लुकाएको, छिपाएको छैन । यो प्रस्ताव नै बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा स्वःघोषणा गर्दछु/गर्दछौं ।

**प्रस्तावकको**

हस्ताक्षरः

नाम (संस्था वा व्यक्तिगत):

संस्था भए संस्थाको छापः

संस्थाको हकमा संस्थाको आधिकारिक प्रतिनिधिको नाम:

मितिः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**

**अनुसूची -२**
**(दफा ७ सँग सम्बन्धित)**
**कृषि प्राविधिकको जाँच सिफारिसपत्र**

**(प्रस्ताव फाराम साथ संलग्न हुनु पर्ने)**

(१) ड्रागन फल खेती बीमा प्रस्तावकको (व्यक्ति वा संस्था) को नामः...........................................................

(२) पूरा ठेगानाः प्रदेशः.................................जिल्ला. ....................पालिका...................वडा नं. ..............................

टोलः.................... फोन नं. ................. मोबाईल नं. ................................ईमेल....................................

(३) पेशाः ..................

(४) ड्रागन फलको जातः........................................ पोल वा खम्वाको औषत दूरी..................बोटहरू वीचको औषत दूरी.................
क्षेत्रफलः ..................... जग्गाको किसिमः समथर ☐ भिरालो ☐ मिश्रित ☐ अन्य ☐

(५) बीमाको लागि प्रस्तावित जम्मा पोल संख्या ..................................बोट संख्याः ............................

प्रदेश..................जिल्ला...................पालिका..................वडा.नं.............. टोलः....................

(६) ड्रागन फल लगाईएको स्थानको पूर्ण विवरणः

प्रदेशः.............................जिल्ला.......................पालिका..................................................................

वडा नं. ................ टोलः................कित्ता नं. .................... चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. (ऐलानी जग्गाको हकमा )...........

जग्गाको क्षेत्रफलः.................................

जग्गाको किसिमः ☐ समथर ☐ भिरालो ☐ मिश्रित अन्य ☐

(७) ड्रागन फल लगाईएको जग्गाको भौगोलिक अवस्थितिः

क) भौगोलिक क्षेत्र

तराई .................पहाड ....................बेसीं.....................टार.....................

ख) समुन्द्र सतहबाट ड्रागन फल खेती गरिएको जग्गाको उचाईः ..................

ग) जग्गाको मोहडाः.................

घ) सिंचाईको उपलब्धता छ ☐ छैन ☐

(८) ड्रागन फल बगैंचामा पानीको निकासको प्रवन्ध छ वा छैन ? **..................**

(९) ड्रागन फल बगैंचामा अन्तरबाली लगाएको भए बालीको नाम ..........................

(१०) प्रतिबोट प्रयोग गरिएको मलखादको मात्रा ....................................

(११) ड्रागन फल बगैंचामा कुनै रोग/किराको संक्रमण देखिएको छ ? यदि छ भने कुन रोग वा किराको संक्रमण देखिएको छ उल्लेख गर्नुहोस ।
...............................................................

(१२) त्यस क्षेत्रमा विगतमा ड्रागन फल बालीमा कुनै संक्रामक रोग वा किरा लागेको थियो ? यदि थियो भने कहिले कुन रोग वा किराबाट क्षति भएको हो उल्लेख गर्नुहोस् .............................................................

(१३) ड्रागन फल खेतीको जोखिमलाई स्वीकार गर्न नमिल्ने अरु कुनै जानकारी छ? यदि छ भने त्यसको विवरण दिनुहोस् ..........................................................................................................................................................

(१४) ड्रागन फल खेतीको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ ?

.........................................................................................................................................................

(१५) ड्रागन फल खेती बीमायोग्य छ वा छैन भन्ने निर्णय गर्नका लागि थप प्राविधिक जाँच गर्नुपर्ने ठान्नुहुन्छ ? .........................

ठान्नुहुन्छ भने कुन जाँच गर्नु उपयुक्त हुन्छ ?.......................................

(१६) यदि जाँच गरेको भए कागजात संलग्न गरी ड्रागन फल बीमा गर्न मिल्ने वा नमिल्ने राय दिनुहोस् ।

..........................................................................................................................................

यस अनुसूचीमा उल्लिखित ड्रागन फल खेतीको मैले ध्यानपूर्वक प्राविधिक जाँच गरेँ । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही र तथ्यपरक छन् भन्ने कुरा सिफारिस गर्दछु । यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला ।

**प्राविधिकको**

नाम (व्यक्तिगत वा संस्थागत)
सही
ठेगाना
मितिः
फोन/मोबाईल नं.
प्रमाणपत्र जारी गर्ने संस्था
प्रमाणपत्र नं.
कोड नं./दर्ता नं.
संस्थाको हकमा कार्यालयको छापः

| दाँया | बाँया |
|---|---|
| | |

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**

**अनुसूची -३**
**(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)**

## ड्रागन फल बीमाङ्क निर्धारणका लागि सूचकहरू

## लागतमा आधारित

| उमेर (वर्ष) | प्रति बोट उत्पादन लागत खर्च (रू) | प्रति बोट संचयी लागत (रू.) |
|---|---|---|
| रोपेको वर्ष (१२ महिना सम्मको बोट) | ६२५ | ६२५ |
| १ वर्ष पुरा भएको बोट | १९० | ८१५ |
| २ वर्ष पुरा भएको बोट | २०७ | १,०२२ |
| ३ वर्ष पुरा भएको बोट | २२३ | १,२४५ |

**द्रष्टव्यः** (१) एक लाइन देखि अर्को लाइन ३ मीटर र एउटा पोल देखि अर्को पोल २ मिटरको दूरी कायम गरेर गाडिएका खम्वा वा पोल वा टेको वरिपरि प्रति पोल वा खम्वा वा टेको २ वटा बिरुवा रोप्दा हुन आउने अनुमानित लागत।

(२) प्रति पोल वा खम्बा वा टेको २ देखि ४ वटा बिरुवा रोप्न सकिन्छ।

(३) प्रति पोल वा खम्वा वा टेको बिरुवाहरुको संख्या बढाउदै जादा रोपेको वर्ष प्रतिबोट लागतमा १० % सम्म कमी आउन सक्छ र १ वर्ष, २ वर्ष र ३ वर्ष पुरा भएको बोटको प्रतिबोट लागत १०% सम्म बढ्न सक्छ।

(४) माथीको लागत आधार वर्ष २०७८ लाई आधार मानेर तयार पारिएको हो।

## उत्पादनमा आधारित

| बोटको उमेर | उत्पादन (के.जी/बोट) | उत्पादन (के.जी/बोट/ टिपाई) | उत्पादन (के.जी/ पोल) | मूल्य(रू./के.जी) |
|---|---|---|---|---|
| ३ वर्ष पुरा भएको बोट | ५ | १ | १० | |
| ४ वर्ष पुरा भएको बोट | १० | २ | २० | |
| ५ वर्ष पुरा भएको बोट | १२ | २ | २४ | |

**द्रष्टव्यः** (१) प्रति पोल वा खम्बा वा टेको २ वटा बिरुवा रोप्दा हुन् आउने उत्पादन। प्रति पोल २ देखि ४ वटा बिरुवा रोप्न सकिन्छ। ड्रागन फल फुल्दै फल्दै गर्ने प्रकृतिको फल हो।

(२) बैशाख देखि मंसिर सम्म ५-६ पटक सम्म फलको टिपाइ गर्न सकिन्छ।

(३) मूल्य रू/के.जी भन्नाले किसानले उत्पादनस्थलमा पाउने मुल्य।

(४) उक्त मुल्य उत्पादक किसान, बीमक र उत्पादनस्थल रहेको स्थानीय निकायको कृषि शाखाले आपसी समन्वयमा तय गरे अनुसार हुनेछ।

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

अनुसूची-४

(दफा २१ सँग सम्बन्धित)

## ड्रागन फल खेती बिस्तृत विवरण तथा गणना तालिका

| | |
|---|---|
| **ड्रागन फल खेती** बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः<br>नागरिकता नं.<br>नागरिकता जारी गरिएको जिल्ला..........<br>नागरिकता जारी गरिएको मितिः<br>गैह् नेपाली नागरिकको हकमा परिचय पत्र नं.को किसिम तथा नम्वर....................<br>गैह् नेपाली नागरिकको हकमा परिचय पत्र जारी गर्ने संस्था....................<br>गैह् नेपाली नागरिकको हकमा परिचय पत्र जारी भएको मिति ....................<br>संस्था वा फर्मको दर्ता भएको ठेगानाः<br>संस्थाको हकमा प्यान नं.<br>प्रस्तावकको ठेगानाः<br>प्रदेशः..................................जिल्ला.................................<br>पालिका....................वडा नं. ............टोल...................आवास..........<br>फोन नं. ..............................मोबाईल................<br>ईमेल............................ | बीमालेख नं.<br>अभिकर्ताको नामः<br>अभिकर्ता इजाजतपत्र नं.<br>प्राविधिकको नाम तथा सम्पर्क नं.<br>प्राविधिकको कोड नं.<br>बीमालेख जारी मितिः<br>बीमालेख जारी हुने समयः<br>जोखिम प्रारम्भ हुने मिति तथा समयः<br>बीमालेख जारी स्थानः<br>नगदी बीजक जारी मिति तथा समय<br>नगदी बीजक नं.<br>बीमाङ्क रकम रुः<br>जम्मा बोट संख्याः |
| (खुलाउनु पर्ने)<br>प्रस्तावित बीमाको किसिमः<br>लागतमा आधारित ( ) उत्पादनमा आधारित ( )<br>बोटको कुल संख्या ....................<br>बीमा गरिएको बोटको संख्या .......................................<br>बोटको उमेर....................................................<br>क्षेत्रफल ...................................<br>जातः.................................<br>बीमा प्रारम्भ मितिः .......................<br>बीमा समाप्ती मितिः............................ | **बैंकबाट ऋण लिएको हकमा**<br>बैंक तथा वित्तीय संस्थाको नाम तथा ठेगानाः<br>ऋण रकमःरू. ........(अक्षरेपी..........)<br>ऋण अवधिः |

| | | |
|---|---|---|
| बीमा अवधिः ................. | | |
| **ड्रागन फल** लगाइएको स्थानः<br><br>प्रदेशः..................................जिल्ला............<br><br>पालिका...................वडा नं. ...................... टोल........................<br><br>कित्ता नं ...........<br><br>चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं(ऐलानी जग्गाको हकमा) ..................... | **ड्रागन फल गणना तालिका** | |
| **इच्छाईएको ब्यक्तिको** | **१. ड्रागन फल खेती बोटको बीमाङ्कः (लागतमा आधारित)** | रू. |
| नाम थरः | **२. ड्रागन फल खेती उत्पादन (फल) को बीमाङ्क (उत्पादनमा आधारित)** | रू. |
| बीमित र इच्छाईएको व्यक्तिको बीचको नाताः | **३.ड्रागन फल खेतीको बीमाशुल्क (लागतमा आधारित)** | १ X बीमाङ्क रकमको ५ % |
| इच्छाईएको व्यक्तिको वाबुको नामः | **४. ड्रागन फलको बीमाशुल्क (उत्पादनमा आधारित)** | २X बीमाङ्क रकमको ५ % |
| इच्छाईएको व्यक्तिको आमाको नामः<br><br>इच्छाईएको व्यक्तिको पति/पत्नीको नामः | **५.नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम** | |
| सम्पर्क नं. फोन/मोबाईल<br><br>ईमेल ठेगाना.................................. | **६.जम्मा बीमा शुल्क** | ३-५ (लागतमा आधारित)<br><br>४-५ (उत्पादनमा आधारित) |
| | **७.दुर्घटना बीमा बापत** | रू. ५०० |
| | **बीमितले तिर्नुपर्ने जम्मा रकम रू** | ६+७ (लागतमा आधारित) |
| | | ६+७ (उत्पादनमा आधारित) |

बीमालेख स्वीकृत गर्ने अधिकारीको दस्तखतः
हस्ताक्षरः
नामः
पदः
मितिः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

अनुसूची -५

(दफा २४ सँग सम्बन्धित)

**<u>ड्रागन फल खेती सम्बन्धी अभिलेखहरू</u>**

**(१) ड्रागन फल  खेती गर्दाका महत्वपूर्ण गतिविधिहरूको विवरण**

| मिति | क्रियाकलापहरू | विवरण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

***द्रष्टव्यः*** *विरूवा रोपण, सिंचाइ, गोडमेल, काँटछाँट, मलखाद प्रयोग, रोग किराको व्यवस्थापन, अन्तरबालीहरू, टिपाई लगायत ड्रागन फल बगैँचामा गरिएका क्रियाकलापहरू यसै विवरण बमोजिम भर्ने।*

**(२) रोपणको लागि प्रयोग हुने बिरुवाको विवरण**

| क्रम संख्या | बिरुवा प्राप्त गरेको मिति | नर्सरीको नाम तथा ठेगाना | माउ बोटको जात | माउ बोटको उमेर | माउ बोटको औषत उत्पादन (केजी) | कटिङ्गको लम्बाइ (फिटमा) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**(३) ड्रागन फल उत्पादन तथा बिक्री परिमाण सम्बन्धी विवरण**

| मिति | उत्पादन परिमाण (के.जी) | बिक्री परिमाण (के.जी) | घरायसी प्रयोगमा उपयोग परिमाण (के.जी) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| कुल | | | | |

***द्रष्टव्यः*** प्रतिबोट लिएको उत्पादन (के.जी)= कुल उत्पादन परिमाण (के.जी)/ कुल बीमा गरिएका बोट संख्या

### (४) विषादीको प्रयोग

| मिति | विषादीको नाम/प्रकार | परिमाण | विषादीको स्रोत (आफ्नै/किनेको) | किनेको भए | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | मिति | परिमाण | बिल नं. | रकम | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची- ६**
**(दफा २६ सँग सम्बन्धित)**

**ड्रागन फल खेती क्षति मूल्याङ्कन प्रतिवेदन**

१. क्षति मूल्याङ्कनका लागि नियुक्त दिने बीमकको नामः..........................................................
क्षति मूल्याङ्कनको लागि प्राप्त पत्रको मिति .............
क्षति मूल्याङ्कनकर्ता (व्यक्ति वा संस्था) को नामः..................................................................................
प्यान (PAN) नं. .............................. कोड नं..... ..............................................

२. क्षति मूल्याङ्कन गर्ने लागेको स्थानको पूरा ठेगानाः
प्रदेशः...................जिल्ला...............पालिका ...................वडा नं.............
टोलः.................... फोन नं. ................. मोबाईल नं. .................................ईमेल...................................
क्षति मूल्याङ्कन गर्न खटाईएको मितिः...............................
क्षति मूल्याङ्कनका लागि लागेको अवधि:
क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरिएको मितिः ......................

३. **दावीकर्ताको विवरणः**
बीमा दावी कर्ताको नामः .........................................
ठेगानाः .............................................
बीमालेख नं. ...............................................
क्षति भएको बीमाको किसिमः आंशिक ☐ पूर्ण ☐

४. **क्षति सम्बन्धी विवरणः**
क्षति भएको मितिः ..........................................
क्षति भएको समयः ..........................................
क्षति मूल्याङ्कन गरिएको ड्रागन फल खेती भएको स्थानः ..........................................
प्रदेशः.................. जिल्लाः .......................पालिका.........................वडा नं. ........................
टोलः......................कित्ता नं. ..............
चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं.(ऐलानी जग्गाको हकमा) .................

५. **ड्रागन फल बाली क्षति हुनुको कारणः**
.....................................................................................................................................................
.....................................................................................................................................................

६. **क्षति भएको ड्रागन फलको विवरणः**
.....................................................................................................................................

७. **लागतको आधारमा भएको क्षतिको मूल्याङ्कन**
बीमा भएको ड्रागन फलको क्षेत्रफलः.............................
जम्मा बीमा भएको बोट संख्याः .............................
क्षति भएको जम्मा बोट संख्याः ..............................
प्रतिबोट लागत मूल्य रू. ..............................................
कुल क्षति मूल्य रू.= (क्षति भएको जम्मा बोट संख्या x प्रतिबोट लागत रू x बास्तविक क्षति प्रतिशत) / १००
अधिक रकम (रू. १०,००० वा बीमाङ्कको ५% (पाँच प्रतिशत) मध्ये जुन कम हुन्छ) ..........................
खुद क्षति मूल्य = कुल क्षति मूल्य रू – अधिक रकम

द्रष्टव्य : वास्तविक क्षति प्रतिशत **अनुसूची- ७** संग सम्बन्धित छ ।

८. **उत्पादनको आधारमा भएको क्षति मूल्याङ्कन (३ वर्षभन्दा माथिका बोट)**

बीमा भएको ड्रागन फल खेतीको क्षेत्रफलः.............
जम्मा बीमा भएको बोट संख्याः..............
कुल क्षति भएको बोट संख्याः ................................
प्रतिबोट उत्पादन क्षति (के.जी.) = (प्रति बोट बास्तबिक क्षति ((के.जी.)- प्रति बोट लिएको उत्पादन (के.जी.)) ***अवस्था १**
प्रतिबोट उत्पादन क्षति (के.जी.) = (प्रतिबोट उत्पादन (के.जी.) - प्रति बोट लिएको उत्पादन (के.जी.)) ***अवस्था २**
कुल उत्पादन क्षति (के.जी.)= कुल क्षति भएको बोट संख्या X प्रतिबोट उत्पादन क्षति (के.जी.)
मूल्य रू. प्रति के.जी. ............................................
कुल क्षति रकम रू.= खुद उत्पादन क्षति (के.जी.) X मूल्य रू. प्रति के.जी. .................
अधिक रकम (रू. १०,००० वा बीमाङ्कको ५ प्रतिशत मध्ये जुन कम हुन्छ) .........................
खुद क्षति रकम रू. = कुल क्षति रकम रू - अधिक रकम रू.

***अवस्था १** : बोटका सम्पूर्ण फलहरु नष्ट नभएको अबस्थामा र नष्ट भए पनि बीमालेखको अबधीभर पुनः फल लाग्न सक्ने गरि क्षति भएको अबस्थामा

***अवस्था २** : बोटका सम्पूर्ण फलहरु नष्ट भइ जारी बीमालेखको अबधीभर पुनः फल नलाग्ने र नलाग्ने गरी क्षति भएको अबस्थामा

*द्रष्टव्यः (१)बोट उत्पादन **अनुसूची ३** अन्तर्गतको दोस्रो तालिका र प्रतिबोट लिएको उत्पादन **अनुसूची ५ को नं. ३** को तालिकासंग सम्बन्धित छ ।*

*(२) पहिलो पटक क्षति भएको अवस्था बाहेकको हकमा लिएको प्रतिबोट उत्पादनको परिमाण प्रयोग गर्दा त्यसभन्दा अघि क्षति मूल्यांकन गर्दा प्रयोग गरिसकेको परिमाण घटाएर मात्र प्रयोग गर्नु पर्नेछ ।*

९. **फोटो संख्या (कम्तीमा पाँचवटा) ........................................................**

१०. **भिडियो क्लिपको समयः(कम्तीमा एक मिनेट) ............................................**

माथि उल्लिखित ड्रागन फल खेतीमा भएको क्षतिको सम्बन्धमा ध्यानपूर्वक मूल्याङ्कन गरी क्षति मूल्याङ्कन गर्दा लिएको तोकिएको संख्यामा फोटो तथा भिडियो क्लिप संलग्न गरी क्षतिको मूल्याङ्कनको क्रममा तथ्यगत जानकारी प्राप्त भएका विवरणहरू सबै ठीक र साँचो छन् । सोही अनुरूप बीमालेखको शर्त र सुविधा अनुसार निष्पक्ष तथा पक्षपात रहित रहेको स्व-घोषणा गर्दछु । यसमा लेखिएको व्यहोरा साँचो छ झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुझुँला ।

**क्षति मूल्याङ्कनकर्ताको:**

नामः .....................................................................
सम्पर्क नं...........................................
कोड नं./
दर्ता नं./
तालिम इजाजतपत्र नं. .......................................
हस्ताक्षरः
संस्थाको हकमा प्यान नं.: ....................
मितिः......................

| दाँया | बाँया |
|---|---|
| | |

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची- ७**
**(दफा २८ सँग सम्बन्धित)**
**डृागन फल खेती दावी भुक्तानी तालिका**

| **बिवरण** | **महिना** | **बास्तविक क्षति प्रतिशत (प्रति बोट कायम बीमाङ्कको )** | **कैफियत** |
|---|---|---|---|
| बिरूवा रोपण गरेको वर्ष (१२ महिनासम्म) | पहिलो ३ महिना | ७० | |
| | ३ महिना पूरा भई ६ महिना पूरासम्म | ८० | |
| | ६ महिना पूरा भई ९ महिना पूरासम्म | ९० | |
| | ९ महिना पूरा भई १२ महिनासम्म | १०० | |
| १ देखि २ वर्ष | पहिलो ३ महिना | ८५ | |
| | ३ महिना पूरा भई ६ महिना पूरासम्म | ९० | |
| | ६ महिना पूरा भई ९ महिना पूरासम्म | ९५ | |
| | ९ महिना पूरा भई १२ महिनासम्म | १०० | |
| २ देखि ३ वर्ष | पहिलो ३ महिना | ८५ | |
| | ३ महिना पूरा भई ६ महिना पूरासम्म | ९० | |
| | ६ महिना पूरा भई ९ महिना पूरासम्म | ९५ | |
| | ९ महिना पूरा भई १२ महिनासम्म | १०० | |
| ३ देखि ४ वर्ष | बर्षै भरी | १०० | |

**द्रष्टव्य-** लागतको आधारमा प्रदान गरिने दावीको हकमा बीमकले दावी भुक्तानी प्रदान गर्दा बास्तविक क्षति (प्रति बोट कायम बीमाङ्कको) प्रतिशतमा दावी रकम निर्धारण गरी अधिक रकम कट्टा गरी दावी भुक्तानीको व्यवस्था गर्नु पर्नेछ ।